नेपाल सरकार

# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

(कर्मचारी प्रशासन तथा सुशासन प्रवर्द्धन शाखा)

फोन नं.

सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्याः- ०७५/०७६
चलानी नं.:- १५६५

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं नेपाल

## सूचना

मिति :–२०७५।१०।२५

विषय : - बैदेशिक अध्ययन/तालिममा सहभागि हुन निबेदन दिने बारे ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ४७२ मिति २०७५।१०।२१ को पत्रबाट यस मन्त्रालयबाट बैदेशिक अध्ययन/तालिममा सहभागि हुन मनोनयन गरि पठाउन लेखि आएकोले यसैसाथ संलग्न पत्रमा उल्लेख भए अनुसारको योग्यता भएका बैदेशिक अध्ययन/तालिममा सहभागि हुन चाहने यस मन्त्रालय वा अन्तर्गतमा कार्यरत इच्छुक कर्मचारीले मिति २०७५।११।०२ गते भित्रमा मन्त्रालयको कर्मचारी प्रशासन तथा सुशासन प्रवर्द्धन शाखामा तपसिलको विवरण सहित निबेदन पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

१०।२५
(एकराज आचार्य)
शाखा अधिकृत

तपसिल

कर्मचारी संकेत नं.
मोवाईल नं.
हाल कार्यरत निकाय,
(निबेदन साथ कार्यरत निकायको सहमति पत्र, माथिल्लो शैक्षिक योग्यताको प्रतिलिपि र हालको पदको नियुक्ति पत्रको प्रतिलिपि संलग्न राखु पर्ने छ।)

कार्यार्थ

श्री शैक्षिक प्रविधि तथा विध्धुतीय सूशासन शाखा - वेभसाइटमा सूचना राखि दिनु हुन।

Era/doc

Scanned by TapScanner

नेपाल सरकार

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(जनशक्ति योजना तथा विकास शाखा)

पत्र संख्या:ज.यो.वि.शा.३२१-२०७५/७६

चलानी संख्या:- 862

मितिः- २०७५।१०।२१

विषयः-वैदेशिक अध्ययन/तालीम छात्रवृत्तिमा मनोनयन गर्ने सम्वन्धमा।

श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रलाय,
सिंहदरवार, काठमाण्डौं ।

तपसिल अनुसारको अध्ययन/तालीम कार्यक्रममा तहांवाट मनोनयन गर्ने गरी निजामती सेवा ऐन, २०४९ (संशोधन सहित) को दफा ४०ख को उपदफा (३) बमोजिम गठित समितिको मिति २०७५/१०/२१ को ३२१ औं बैठकवाट निर्णय भएको हुदाँ उक्त कार्यक्रममा उपयुक्त उम्मेदवार मनोनयन गरि मनोनित कर्मचारीको नाम, सम्पर्क नं र ईमेल ठेगाना अर्थ मन्त्रालय, अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखामा पठाउनु हुन तथा मनोनयन गरिएको कर्मचारीको संकेत नं. समेत उल्लेख गरि सो को जानकारी यस मन्त्रालयमा समेत अनिवार्य रुपमा उपलव्ध गराउने व्यवस्था हुन आवश्यक कार्यार्थ पठाइएको व्यहोरा निर्णयानुसार अनुरोध छ ।

साथै, तालीम तथा अध्ययन कार्यक्रममा उम्मेदवार मनोनयन गर्दा कार्यक्रमसँग असम्वन्धित व्यक्तिको मनोनयन भै सम्वन्धित संस्थावाट कन्फर्मेशन नआएमा सो निकायलाई २ पटक सम्म छात्रवृत्तिमा समावेश नगर्ने भनि निर्णय भएको व्यहोरा समेत जानकारीको लागि अनुरोध छ।

छात्रवृत्तिको मनोनयनमा सम्वन्धित सेवा, समुह र श्रेणी भित्रका समावेशी (महिला, आदिवासी/जनजाति, मधेशी, दलित, अपाङ्ग, पिछडिएको क्षेत्र) तथा हालसम्म अवसर नपाएका र दुर्गममा सबभन्दा बढी समय काम गरेका आधारमा साथै योग्यता पुगेका सहायक स्तरका कर्मचारीहरुलाई समेत प्राथमिकता दिई मनोनयन गर्नुहुन अनुरोध छ ।

तपसिलः

| क्र.सं. | अध्ययन/तालीम/ अध्ययन भ्रमण सेमिनारको विषय | सिट संख्या | कार्यक्रमको अवधि/फारम भर्ने अन्तिम मिति | अवसर प्रदान गर्ने निकाय/ कार्यक्रम संचालन हुने मुलुक | आवश्यक योग्यता/ अन्य प्रासंगिक व्यहोरा | अध्ययन/तालीम वितरण गरिएकानिकाय/निर्णयको व्यहोरा |
|---|---|---|---|---|---|---|
| १. | "Global Education Leadership" (study) | 4 (Four) | 01 August, 2019- 25 December, 2020 / March 15,2019 | Korea/ Korea National University of Education | • Be a citizen of the Scholarship Program target country.<br>• Be officially nominated by their government.<br>• Be under age of 40 as of February 1,2019<br>• Good Health.<br>• Have completed bachelor degree or an equivalent.<br>• Competence in English<br>• For Further detail www.koica.gokr,www.en.knue.ac.kr | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले उपयुक्त कर्मचारी मनोनयन गर्ने । |

संलग्न: KOICA बाट प्राप्त पत्र र General Information brochure

श्री राष्ट्रिय योजना आयोग, आर्थिक विश्लेषण तथा वैदेशिक सहायता समन्वय शाखा, सिंहदरवार ।
श्री अर्थ मन्त्रालय, अन्तराष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखा, सिंहंदरवार ।
श्री परराष्ट्र मन्त्रालय, सिंहदवार ।

(किरण थापा)
शाखा-अधिकृत

पूरा दर्ता नं.:- 5020
दर्ता मिति:- 2075/10/28

श्री प्रशासन महाशाखा

Scanned by TapScanner